# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७८/०७९
च.नं :

मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

## नदिजन्य पदार्थ उत्खन गरि विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सुचना

(प्रथम पटक प्रकाशित मितिः- २०७८/०९/२३)

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ६२ (क) तथा ६४ को (च) मा भएको व्यवस्था, गण्डकी प्रदेश आर्थीक ऐन, २०७७ को दफा ८ र सो सँग सम्वन्धीत अनुसूची ६ मा भएको व्यवस्था एवं मंगला गाँउपालिकाको आर्थीक ऐन, २०७७ को दफा १४ वमोजिम अर्थीक बर्ष २०७८/०७९ सम्मका लागी यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली गाउँपालिकाले तोकेको दरमा विक्री गर्नेगरि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरि तपशिल वमोजिमका शर्तहरुको अधीनमा रही वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खन गर्ने वगर र परिमाण (घन मिटर) | | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मु.अ. कर वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०५।२०७८।०७९ मंगला गाउँपालिका क्षेत्र | ढुङ्गा, गिट्टी र वालुवा उत्खन्न तथा विक्री वितरण | पानावगर माथिल्लो घाट | १५४५८.६९ | ४०,००,०००। | कबोल अङ्कको ५% ले हुन आउने रकम | ३००० | |
| | | | पानावगर तल्लो घाट | ७२०.०० | | | | |
| | | | जम्मा | १६१७८.६९ | | | | |

### बोलपत्र सम्बन्धी शर्तहरुः-

१. बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको बाबियाचौर स्थीत प्रभु बैङ्कको आन्तरीक राजस्व खाता नं १५००११०३०९३००१०१ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । र PPMO को website: http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि PDF format मा वोलपत्र पेश गर्नुपर्नेछ ।

२. फर्म वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए म्याद थपको प्रमाणित प्रतिलिपी) बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरि PDF format मा Upload सुचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० वजे २०७८।१०।२३) गते भित्र e-submission गर्नुपर्नेछ र e-submitted वोलपत्रहरु सोही दिनको २:०० वज२०७८।१०।२३ गते यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्रदाताले E-bid मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सात दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको बाबियाचौर स्थीत प्रभु बैङ्कको धरौटी खाता नं. १५००११०३०९३०००६१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

४.ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर वापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

५. स्वीकृत ठेक्का रकम अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता वापत ठेक्का रकमको ५०% र बाँकी ५०% रकम दोश्रो किस्ता हुनेछ । ठेक्का स्वीकृत भई सम्झौता गर्न आउने बोलपत्रदाताले सम्झौता अगावै पहिलो किस्ता वापत ठेक्का रकमको न्युनतम ५०% ले हुन आउने रकम अनिवार्य रुपमा यस गाउँपालिकाको तोकिएको खातामा दाखिला गर्नुपर्नेछ र बाँकी रकमको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त क वर्गको बाणिज्य बैकवाट २०७९ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी ( परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

६. दोस्रो अर्थात अन्तिम किस्ता वापतको रकम २०७९ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ ।

७. तोकिएको किस्ता म्याद भित्र नवुझाएमा नगरपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।

८. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र पेश गर्दा राखेको ५% धरौटी रकम सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।

१०. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१२. बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

१३. यस गाउँपालिका क्षेत्रका नदि तथा नदिहरुको उत्खन्न क्षेत्र र उत्खन्न परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा मंगला गाउँपालिकाको कार्यालय, वाबियाचौर म्याग्दीवाट भएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE Report) एवं संघ र प्रदेश सरकारवाट भएका निर्देशनहरु, कार्यविधि , परिपत्रहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन ।

१४. यस गाउँपालिका क्षेत्रका नदिहरुको उत्खनन् क्षेत्र र उतखनन् परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रिहरुको उपभोग सम्बन्धमा स्वयं जिम्मेवारी हुनुपर्नेछ कोभिड संकट, वाढी, वर्षात, समय कमी वा यस्तै अन्य कारणहरु तथा स्थानीयस्तरमा हुने विवादका कारणले छनौट भएको बोलपत्र दाताले कबोल गरेको राजस्व रकममा कुनै पनि छुट दिइनेछैन ।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा संघ र प्रदेश सरकारका अन्य प्रचलित कानुन अनुसार र मंगला गाउँपालिकाको निर्णयनुसार हुनेछ र कुनै बिबाद सिर्जना भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

(मनोहर ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत